# बारबर्दिया नगरपालिकाको विनियोजन ऐन २०७६

## बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति: २०७६/०३/०९

**प्रस्तावना:** बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बारबर्दिया नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)**यस ऐनको नाम "बारबर्दिया नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा स्तरीय बजेट, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ, स्वास्थ्य सेवा, शिक्षा, युवा तथा खेलकुद, लक्षित वर्ग, कृषि तथा पशु विकास, स्वरोजगार कार्यक्रमले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.८६,६१,१७,०००।- (अक्षेरुपी छयासी करोड एकसठी लाख सत्र हजार रुपैयामात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त बारबर्दिया नगरपालिको नगर कार्यपालिका, वडा स्तरीय बजेट, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ,स्वास्थ्य सेवा, शिक्षा, युवा तथा खेलकुद, लक्षित वर्ग, कृषि तथा पशु विकास, स्वरोजगार कार्यक्रमले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा स्तरीय बजेट, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ,स्वास्थ्य सेवा, शिक्षा, युवा तथा खेलकुद, लक्षित वर्ग, कृषि तथा पशु विकास, स्वरोजगार कार्यक्रमले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा

निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | | नगर कार्यपालिका | ८२,०४४ | २३५,१९० | | ३१७,२३४ | |
| २ | | वडा स्तरीय बजेट | ४६२३ | ४९,६०१ | | ५४,२२४ | |
| ३ | | वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ | ३५०० | ११०० | | ४,६०० | |
| ४ | | स्वास्थ्य सेवा | १४०२० | ८०० | | १४,८२० | सामाजिक विकास |
| ५ | | शिक्षा, युवा तथा खेलकुद | ३४९५० | ५० | | ३५,००० | सामाजिक विकास |
| ६ | | लक्षित वर्ग | १८७४९९ | | | १८७,४९९ | सामाजिक विकास |
| ७ | | कृषि तथा पशु विकास | १२९८७ | १७०३ | | १४,६९० | आर्थिक विकास |
| ८ | | स्वरोजगार कार्यक्रम | २४५० | | | २,४५० | आर्थिक विकास |
| ९ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | २२४६०० | | | २२४,६०० | |
| १० | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | | ११००० | | ११,००० | |
| | | जम्मा | ५६६,६७३ | २९९,४४४ | ० | ८६६,११७ | |